लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नम्बर: ६४३

९८५७८२४५६६

मितिः २०८०/१०/२९

श्री वडा कार्यालय (सबै),
लुङ्ग्री गाउँपालिका।

विषयः बेरोजगार व्यक्तिहरुको विवरण संकलन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आर्थिक बर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ बर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले आर्थिक बर्ष २०८१/०८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिन सक्ने समयावधि २०८० फागुन ०१ गते देखि फागुन ३० गते सम्म भएकोले उक्त अवधिमा तहाँ कार्यालयमा तोकिएको ढाँचामा निवेदन संकलन गरि दर्ता भएका निवेदनहरु सूचनाको अवधि समाप्त भएको मितिले ७ (सात) दिनभित्र देहाय बमोजिमको ढाँचामा विवरण भरी सक्कलै फाराम रोजगार सेवा केन्द्रमा पठाइदिनु हुन अनुरोध छ । साथै सो सम्बन्धी निवेदन दिने सम्बन्धि सूचना १ थान र निवेदनको ढाँचा १ थान यसै पत्रसाथ संलग्न राखी पठाइएको छ ।

तपशिलः

| क.स. | नाम, थर | बुबाको नाम | आमाको नाम | जन्म मिति | नागरिकता नं. | जारी मिति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(सुन्दर बहादुर घर्ती)
रोजगार संयोजक

सुन्दर बहादुर घर्ती
रोजगार संयोजक

(जीत बहादुर परियार)
प्रमुख प्रशासकीय अधिकृत

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
९८५७८२४५६६

पत्र संख्याः २०८०/०८१
सूचना नम्बरः १९

## आ.ब.२०८१/०८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धि सूचना

सूचना मितिः २०८०/१०/२९

रोजगारीको हक सम्बन्धी ऐन, २०७४ को दफा ११ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८) को दफा १८ बमोजिम चालु आर्थिक बर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ बर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले २०८० फागुन ०१ गते देखि फागुन ३० गते सम्म आँफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा सम्बन्धित व्यक्ति उपस्थित भई निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालय वा गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np र लुङ्ग्री गाउँपालिकाको वेसाइट www.lungrimun.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ । साथै सूचीकरणको लागि निवेदन पेश गर्दा निवेदकले आँफू लगायत परिवारको विवरण सहित निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन समेत सूचित गरिन्छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. निवेदकको नागरिकताको प्रतिलिपि - १ प्रति
२. स्थायी बसोबास खुल्ने कागजात बसाईसराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि — १
३. निवेदकको पासपोर्ट साइजको फोटो - १ प्रति
४. फाराम नं.१४ अनुसारको पारिवारिक विवरण अनिवार्य भर्ने।
५. निवेदकले निवेदनमा उल्लेखित विवरण पूर्णरुपमा भरेर मात्र वडा कार्यालयमा निवेदन दर्ता गराउनुपर्नेछ।
६. अपूर्ण विवरण र तोकिए बमोजिमका कागजातहरु समावेश नगरिएका निवेदनहरु स्वतः रद्द हुनेछ ।

**थप जानकारीको लागिः**

रोजगार सेवा केन्द्रः ९८५७८६६८९२, ९८४९६२३६३८, ९८६२२६५८६४

(सुन्दर बहादुर घर्ती)
रोजगार संयोजक

(जीत बहादुर परियार)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं

## आ.व. २०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

चालु आर्थिक वर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८(अठार) वर्ष देखि ५९(उनान्साठी) वर्ष उमेर समूहका बेरोजगार नागरिकले **२०८० फागुन महिना भरीमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन** यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।